आज मिति २०८१/०४/१० गते विहान ७:०० बजे रिब्दीकोट गाउँ कार्यपालिकाको बैठक गाउँपालिका अध्यक्ष श्री नारायण बहादुर कार्कीको अध्यक्षता र तपसिलको उपस्थितिमा बसी देहाय अनुसार निर्णय गरियो।

**उपस्थिति :**

१. अध्यक्ष श्री नारायण बहादुर कार्की

२. उपाध्यक्ष श्री कान्ता अधिकारी

३. प्रबक्ता तथा वडा अध्यक्ष, वडा नं. ६ श्री प्रकाश रायमाझी

४. वडा अध्यक्ष, वडा नं. १ श्री चिरन्जीवी पोखरेल

५. वडा अध्यक्ष, वडा नं. २ श्री ओम प्रसाद पोखरेल

६. वडा अध्यक्ष, वडा नं. ३ श्री नारायण बहादुर के.सी.

७. वडा अध्यक्ष, वडा नं. ४ श्री सोम बहादुर कार्की

८. वडा अध्यक्ष, वडा नं. ५ श्री मन बहादुर अस्लामी

९. वडा अध्यक्ष, वडा नं. ७ श्री दान बहादुर कुँवर

१०. वडा अध्यक्ष, वडा नं. ८ श्री चुरा बहादुर छहरी मगर

११. कार्यपालिका सदस्य श्री मीना राना

१२. कार्यपालिका सदस्य श्री रन्जना खनाल आचार्य

१३. कार्यपालिका सदस्य श्री गोमा थापा

१४. कार्यपालिका सदस्य श्री शर्मिला नेपाली

१५. कार्यपालिका सदस्य श्री गीता कौशल

१६. कार्यपालिका सदस्य श्री सुनिल बश्याल

१७. सदस्य सचिव श्री लेखनाथ पोखरेल

१८. आमन्त्रित श्री रुक लाल भट्टराई, प्रशासन शाखा प्रमुख

CamScanner

**प्रस्तावहरु :-**

१. आ.व. ०८०/०८१ को प्रगति समिक्षा सम्बन्धमा

२. योजनाको म्याद थप सम्बन्धमा

३. योजना / ठेक्का रद्द सम्बन्धमा

४. अ.व.०८१/०८२ को कार्ययोजना निर्माण सम्बन्धमा

५. ट्र्याक्टर संचालनमा रोक लगाउने सम्बन्धमा

६. कर्मचारी व्यवस्थापन सम्बन्धमा

७ विविध।

**निर्णयहरु:-**

<table>
<tr><th>सि.नं.</th><th>विषयगत शाखा</th><th>निर्णय ब्यहोरा</th><th>कैफियत</th></tr>
<tr><td>१</td><td>योजना</td><td>रिब्दीकोट गाउँपालिकाको आ.व. ०८०/८१ को बार्षिक बजेट, कार्यक्रम तथा योजना कार्यान्वयनको वित्तीय एवं भौतिक प्रगतिको बारेमा छलफल गरियो। सो सम्बन्धमा मिति २०८१/०४/१९ गते शनिवारको दिन गाउँपालिका अन्तर्गतका जनप्रतिनिधि तथा कर्मचारीहरु समेतको सहभागितामा व्यापक छलफल गरी समिक्षा गर्ने निर्णय गरियो।</td><td></td></tr>
<tr><td>२</td><td>योजना</td><td>आर्थिक वर्ष २०८०/८१ मा सडक निर्माण कार्यका लागि गाउँपालिकाबाट ठेक्का संझौता भएका तपसिलका योजनाहरु र उक्त कार्य गर्ने निर्माण ब्यावसायीहरुको सम्बन्धमा २०८१।०२।१५ गते सम्म कार्य गर्ने म्याद रहेको तर पटक पटक ताकेता, अनुगमन सहजिकरण गर्दा समेत निर्माण ब्यावसायीद्वारा समयमा काम सम्पन्न नगरेको, ढिलासुस्ती गरेको भनि प्राविधिक शाखाको राय प्रतिवेदनका आधारमा सार्वजनिक खरिद ऐन २०६४ को दफा १२१ बमोजिम पुर्वनिर्धारित क्षतिपुर्ति लिई आर्थिक वर्ष २०८१।०८२ मा देहायका शिर्षकबाट रकम भुक्तानी हुने गरि गाउँसभाबाट बजेट सुनिश्चितता गरि कार्य म्याद थप गर्ने निर्णय गरियो।<br>तपसिल
<table>
<tr><th>सि नं</th><th>योजनाको नाम</th><th>निर्माण ब्यावसायीको नाम</th><th>खर्च भुक्तान गर्ने शिर्षक/ श्रोत</th><th>बजेट रकम</th></tr>
<tr><td>१</td><td>पालुङ मैनादी फेक मोटरबाटो (RRM/NCB/WORKS-01-080/081)</td><td>जयश्री तिरुपति कन्स्ट्रक्सन</td><td>मर्मत संभार कोष - आन्तरिक श्रोत</td><td>१२२३०००</td></tr>
<tr><td>२</td><td>कन्टिपोखरा देउराली शान्तिचौर जोगिथुम मोटरबाटो (RRM/NCB/WORKS-06-080/081)</td><td>शिलवाल कन्स्ट्रक्सन</td><td>मर्मत संभार कोष - आन्तरिक श्रोत</td><td>३१५००००</td></tr>
</table></td><td></td></tr>
<tr><td>३.</td><td>योजना</td><td>Construction of Kantipokhara Khyaha Deurali Road (RRM/W/NCB-06/077/78) को ठेक्का रद्ध गरी निर्माण व्यवसायी श्री K.N. Builders Rampur – 5 Palpa बाट कृषि विकास बैंक लिमिटेडको पिवी १५८/००४/५९९५/ मा रहेको रु.२४९५७५६ रकम जफत गरी निज निर्माण व्यवसायीलाई कानुन बमोजिमको कारबाहीको लागि सार्वजनिक खरिद अनुगमन कार्यालयमा सिफारिस गरी पठाउने।</td><td></td></tr>
</table>

CS CamScanner

| | | |
|---|---|---|
| ४. | योजना | आ.व. ०८१/८२ को बजेट कार्यान्वयनको कार्ययोजना निर्माण सम्बन्धमा छलफल गरियो । साथै थप छलफल गरी आगामी बैठकबाट उक्त कार्य योजना पारित गर्ने निर्णय गरियो । |
| ५. | योजना | गाउँपालिका अन्तर्गतका सबै कच्ची बाटोमा मिति २०८१/०४/११ देखि अर्को सुचना नभए सम्मको लागि ट्रयाक्टर संचालनमा रोक लगाउने निर्णय गरियो । |
| ६. | प्रशासन | गाउँपालिका कार्यालय भवन तथा अन्य सम्पत्तिको सुरक्षा गर्न तथा राजस्व चुवावटको निगरानी र नियन्त्रण लगायतका कार्यहरु गर्न गाउँ प्रहरीको आवश्यकता देखिएकोले हाललाई दुई जना गाउँ प्रहरीहरु सेवा करारमा नियुक्तिको प्रक्रिया अगाडि बढाउँन कार्यालयलाई निर्देशन दिने । साथै चौकीदारले गर्ने काम र कार्यालय सहयोगीले गर्ने केहि काम समेत गाउँ प्रहरीबाट गराऊँन सकिने भएकोले ज्यालादारीमा कार्यरत चौकिदारहरु श्री सचिना नेपाल र पूर्ण बहादुर घर्ति तथा सेवा करारमा कार्यरत कार्यालय सहयोगी श्री सृष्टि पाण्डेको सेवालाई मिति २०८१/०४/११ गते देखि निरन्तरता नदिने र गाउँपालिकाबाट तलव भत्ता बुझिलिने अन्य सबै सेवा करार र ज्यालादारीमा कार्यरत कर्मचारीहरुको सेवाको सम्झौता अवधि मिति २०८१/०४/०१ देखि ६ महिनाको लागि थप गर्ने निर्णय गरियो । |
| ७ | विविध | क) घर नक्सा पास सम्बन्धी कार्यविधि, २०८१ माथि छलफल गरियो । सो सम्बन्धमा थप छलफल गरी आगामी बैठकबाट पारीत गर्ने निर्णय गरियो ।<br>ख) रिब्दीकोट गाउँपालिकाको आर्थिक वर्ष २०८१।०८२ को लागि जिल्ला समन्वय समितिबाट स्वीकृत जिल्ला दररेट पारित गर्ने साथै निर्माण कार्यको ढुवानी भाडाको हकमा प्राविधिक शाखाबाट तयार गरिएको नर्मस स्वीकृत गर्ने निर्णय गरियो । |

CS CamScanner